# तीनपाटन गाउँपालिकाको

## स्थानीय राजपत्र

# लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**भाग-२**

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/१०/२५

खण्ड :६, अंक ५६, सङ्ख्या ४५
राजपत्रमा प्रकाशित मिति : २०८०/११/२५

प्रमाणीकरण मिति : २०८०/०१/२२

**तीनपाटन गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार
सिन्धुली, जिल्ला
बागमती प्रदेश, नेपाल

# लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

## पृष्ठभूमि

तीनपाटन गाउँपालिकाको आ.व.०७९/०८० को गाउँसभाबाट स्वीकृत "बाख्रा पालन फर्मलाई व्यावसायिक कार्ययोजनाको आधारमा ५०% साझेदारी कार्यक्रम" अनुदान रकम व्यवस्था भए अनुसार बाख्रा पालन विकासतर्फका कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले स्थानीय तहमा बजेट विनियोजन भएको छ । यस क्षेत्रमा विनियोजित बजेट राष्ट्रिय प्राथमिकता प्राप्त मासु तथा अन्य बाख्राजन्य उत्पादनमा आत्मा निर्भर हुने तुलनात्मक लाभका वस्तुहरू निर्यात गर्ने लक्ष्य प्राप्तिमा उपयोग गर्न तीनपाटन गाउँपालिका भित्र सञ्चालनमा रहेका बाख्रा पालन समूह, सहकारी तथा निजी फर्ममा लागत साझेदारीसमेत सुनिश्चित गर्न आवश्यक छ । बाख्रा पालन प्रबर्द्धन कार्यक्रमलाई लागत साझेदारीमा सुचारु रूपले सञ्चालन गरी अपेक्षित प्रतिफल प्राप्त गर्न सहयोग पुऱ्याउने उद्देश्य अनुरूप तीनपाटन गाउँपालिका (कार्यपालिका) को मिति २०७९/१०/२५ गतेको निर्णय वमोजिम तीनपाटन गाउँपालिका पशु सेवा शाखाले यो "लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रक्रिया सम्बन्धी कार्यविधि २०७९" स्वीकृत गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्बन्धी कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि तीनपाटन गाउँपालिका (कार्यपालिका) को निर्णयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## २. परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य सञ्चालन प्रक्रिया**

(क) "**लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम**" लाई सम्झनु पर्दछ।

(ख) "**स्थानीय तह**" भन्नाले नेपालको संविधान वमोजिम राज्य शक्तिको संरचना र राज्यको बाँडफाँड गरे अनुसार गठन भएका गाउँपालिका र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "**प्रदेश**" भन्नाले नेपालको संविधान वमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएको प्रादेशिक सरकार सम्झनुपर्छ ।

(घ) "**संघ**" भन्नाले नेपालको संविधान वमोजिम राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड गरे अनुसार गठन भएको संघीय सरकारलाई सम्झनुपर्छ

(ङ) "**नीजि फार्म, समूह वा समिति**" भन्नाले स्थानीयतहमा दर्ता/सुचिकृत भएका बाख्रा पालन समूह वा समितिहरूलाई सम्झनुपर्छ ।

(च) "**सहकारी संस्था**" भन्नाले सहकारी ऐन २०७४ वमोजिम दर्ता भएका (कृषि पशुपालन तथा दुग्ध व्यवसायको साथै बाख्रा पालन सम्बन्धी कार्य गर्ने उद्देश्य भएका सहकारी संस्था भन्ने सम्झनु पर्छ।

## ३. उद्देश्य

(१) लागत साझेदारीमा बाख्रा पालन कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुने छ ।

(क) साझेदारीको अवधारणा अनुरूप स्थानीय पूँजी परिचालन मार्फत आयआर्जन तथा रोजगारीका अवसर सृजना गरी बाख्रा पालक कृषकहरूको बचत सुनिश्चित गर्ने ।

(२) उन्नत नश्लको बोका तथा बाख्राहरू उत्पादन गर्ने ।

(३) बजारको मागअनुसार पशुजन्य उत्पादनको आफूर्ति गर्ने ।

(४) बाख्राको स्रोत केन्द्र विकासको पूर्वाधार तयार गर्ने

## परिच्छेद–२
## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**४. कार्यक्रम सञ्चालन प्रक्रिया**

(१) लागत साझेदारीमा बाख्रा प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय वमोजिम कार्य सञ्चालन प्रक्रिया अपनाइनेछ ।

(क) कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहले आर्थिक विकास समिति हेर्ने पदाधिकारीको संयोजकत्वमा पशुसेवा शाखा र कृषि शाखाका प्राविधिक संलग्न हुनेगरी कार्यदल गठन गर्ने वा विगतमा सोही प्रकृतिको समिति विधमान भएमा सोही वमोजिम गर्नु पर्नेछ । उक्त कार्यदलले कार्यक्रम सञ्चालन क्षेत्र तथा लाभग्राही छनोट आधारहरू तय गर्ने, लाभग्राही छनोट गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने छ ।

(ख) स्थानीय तहले कार्यक्रम सञ्चालनका लागि १५ दिनको म्याद दिई अनुसूची १ वमोजिमको सूचना पालिकाको वेबसाइड तथा वडा कार्यालयहरूमा सम्प्रेषण गरी आह्वान गर्ने ।

(ग) नीजि फार्म/समूह/समिति/सहकारी संस्थाले अनुसूची २ वमोजिमको संक्षिप्त कार्ययोजनासहित अनुसूची ३ वमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(घ) सिमान्तकृत, दलित, महिला विदेशबाट फर्केका युवालगायत लक्षित वर्गहरूलाई समूह/समिति/सहकारीमा आबद्ध गरी परिचालन समेत गर्ने गरी निवेदन गर्न सहयोग तथा उत्प्रेरणा गरिने छ । यस कार्यका लागि निश्चित स्थानीय तहमा खाटिएका पशुसेवा शाखाका प्राविधिकहरूलाई परिचालन गरिने छ ।

(ङ) यसरी पर्न आएका संक्षिप्त कार्ययोजनासहितको निवेदनको मूल्याङ्कन अनुसूची ४ वमोजिम गरिने छ । छनोट भएका नीजि फार्म/समूह/समिति/सहकारी संस्थाहरूसँग गरिने सम्झौता अनुसूची ५ वमोजिम हुने छ ।

(च) कार्यक्रम सञ्चालन गर्दा अनुसूची-६ वामोजिमको क्रियाकलापहरू सञ्चालन गर्न सकिने छ ।

(छ) लाभग्राही छनोट गर्दा पारदर्शी प्रक्रियाको अबलम्बन गर्नुपर्ने छ र छनोटमा नपरेका लाभग्राही/समूह/समितिहरूको हकमा कारण सहितको सूचना सार्वजनिक गर्नुपर्ने छ

**५.कार्यक्रम कार्यान्वयनका लागि मापदण्ड**

(१) लागत साझेदारीमा बाख्रा पालन कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन तथा रकम खर्च गर्दा देहाय वमोजिम गर्न सकिने छ ।

(क) उन्नत जातको बोका/थुम्बा, बाख्रा खरिद, खोर निर्माण तथा बाख्रा पालनमा आवश्यक पर्ने यान्त्रिकारणमा ९० प्रतिशत ।

(ख) तालिम, गोष्ठी, अनुगमन र प्रशासिनक कार्यमा बढीमा १० प्रतिशत

(ग) खरिद भएको पशुको अनिवार्य पशु बीमा गर्नु पर्ने छ ।

६.**कार्यक्रम सञ्चालन गर्न स्थानीय तहको जिम्मेवारी**

(क) कार्यक्रम विस्ततिकरण,

(ख) लाभग्राही/अनुदानग्राही छनोट, सम्झौता एवम् अनुदान प्रवाह,

(ग) नियमित अनुगमन, पृष्ठपोषण एवम् प्रतिवेदन

(घ) वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने कार्यक्रमका लागि लागत सहभागिता गर्नुपर्ने भनी सोही वमोजिम लागत सहभागिता सुनिश्चित गर्ने ।

## परिच्छेद–४

## अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

१. अनुगमन तथा मूल्याङ्कनमा लागि देहाय वमोजिमको प्रक्रिया अपनाउन सकिने छ ।

(क) स्थानीय तहले सञ्चालित कार्यक्रममा उपलब्ध गरेको रकम नीजि फार्म/समूह/समिति/सहकारीमा सदुपयोग भए, नभएको र लक्ष्य अनुसार प्रगति भए नभएको बारेमा वा अन्य आवश्यक प्राविधिक विषयमा कार्यदलले अनुगमन र मूल्याङ्कन गरी आफ्नो राय र सुझाब

स्थानीय तहमा पेश गर्नु पर्ने छ । अनुगमन तथा मूल्याङ्कन कार्यमा सम्बन्धित प्रादेशिक मन्त्रालय अन्तर्गतका जिल्ला स्थित पशु सेवा हेर्ने निकायलाई संलग्न गराउन सकिने छ ।

**आज्ञाले**

जितेन्द्र गिरी

नि् प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### स्थानीय तहले प्रकाशन गर्नु पर्ने सूचनाको फर्मेट (नमुना)

**लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना**

...................पालिका,.......

प्रथम पटक प्रकाशित मिति २०   /   /

आ.व.२० / / को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरू लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्य विधि २०७९ वमोजिम गर्न ईच्छुक कृषक, सहकारी संस्था, कृषक समूह/नीजि संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले.........औँ दिनसम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रम | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन प्रक्रिया यस..........पालिकाको वेबसाइटबाट डाउनलोड गर्न सकिने छ वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ अन्य थप जानकारीका लागि फोन नं. ........मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

# अनुसूची २
## संक्षिप्त कार्ययोजनाको ढाँचा (नमुना)

१. व्यवसायको परिचय :
२. कार्यक्रम सुरू हुने मिति :
३. कार्यक्रम सम्पन्न हुने मिति :
४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरण :
५. व्यवसायको आधारभूत विवरण :

| क्र. सं. | सञ्चालित व्यवसायको नाम | व्यवसायबाट उत्पादन हुने मुख्य बस्तु | उत्पादन हुने बार्षिक परिमाण | बार्षिक कारोबार रकम | ब्यवसयबाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

**६.सञ्चालन गरिने क्रियाकलापको विवरण :**

| क्र.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

## अनुसूची ३
## लागत साझेदारीमा बाखा पालन प्रबर्द्धन कार्यक्रम सञ्चालनको लागि निवेदन पत्र (नमुना)

श्रीमान प्रमुख ज्यु,
..............................गा.पा., सिन्धुली

**विषय : लागत साझेदारीमा बाखा पालन प्रबर्द्धन कार्यक्रम गराइदिने बारे ।**

महोदय,
यस पालिकाको मिति २०७९/ / गतेको प्रकाशित सूचना अनुसार यस समूह/सहकारी/नीजि फार्मले लागत साझेदारीमा बाखा पालन प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न निम्न अनुसार कागजात सहित निवेदन गरेका छौँ । कार्यक्रम सञ्चालनका लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

**संलग्न कागजातहरू :**

१.कृषक समूह/समिति/सहकारी/नीजि फार्मको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरू
२.कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपि
३.संस्थाका सदस्यहरूको नामावली
४.अन्य आवश्यक कागजातहरू

## अनुसूची ४
## मूल्याङ्कन सम्बन्धित (नमुना)
### लागत साझेदारीमा बाख्रा पालन प्रबर्द्धन सहभागिताका लागि छनोटका आधारहरू (मूल्याङ्कन गर्ने आधारहरू)

१. स्थानको उपयुक्तता (सामाजिक ,भौगोलिक ,एवम् वातावरणीय दृष्टिकोणले सम्भाव्यता)................अंक
२. पूर्वाधार विकास एवम् विकासका सम्भावनाहरू...............अंक
३. हाल सञ्चालित कार्यक्रम एवम् क्रियाकलापहरूको अवस्था.....अंक
४. विगत १ वर्षदेखि सम्बन्धित व्यवसाय (दर्तावाला) भए...........अंक
५. नीजि व्यवसायमा उत्पादनको लागि पालिएको माउ बाख्रा १०० गोटा भन्दा माथि भए .......अंक
६. नीजि व्यवसायमा उत्पादनको लागि पालिएको माउ बाख्रा १०० गोटा भन्दा कम भए...........अंक
७. कृषि समूह/सहकारीमा उत्पादनको लागि पालिएको माउ बाख्रा ५००गोटा भन्दा माथि भए...........अंक
८. कृषि समूह/सहकारीमा उत्पादनको लागि पालिएको माउ बाख्रा ५००गोटा भन्दा कम भए...........अंक
९. सञ्चालित व्यवसयमा बोका तथा बाख्राको बीमा गरेको भए....अंक
१०. कृषि समूह/समिति/सहकारी/नीजि व्यवसायमा रहेका एकल महिला, दलित, जनजाति तथा सिमान्तकृत र विदेशबाट फर्किएका युवाहरू भए......अंक ।

## अनुसूची ५
## द्धिपक्षीय सम्झौता पत्र (नमुना)

तीनपाटन गाउँपालिका पशुसेवा शाखाको आर्थिक वर्ष २०७९/०८० को गाउँसभाबाट स्वीकृत ५०% अनुदानमा लागत साझेदारी बाख्रा प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न श्री तीनपाटन गाउँपालिकाको

कार्यालय, वडा नं....., सिन्धुली (यसपछि प्रथम पक्ष भनिनेछ) र श्री........................तीनपाटन गाउँपालिका, वडा नं. ..... (यसपछि दोस्रो पक्ष भनिनेछ) बीच तपसिल वमोजिमका शर्तहरू परिपालना गर्ने गरी द्धिपक्षीय सम्झौता गरी दियौं/लियौं ।

**तपसिल**

१. प्रथम पक्षले बाख्रा प्रबर्द्धन कार्यक्रमको लागि विनियोजित रकम रु........../- दोस्रो पक्षलाई बढीमा १ किस्तामा कार्य सम्पन्न पश्चात उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले सिन्धुली जिल्ला तीनपाटन गाउँपालका वडा नं.... स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नुपने छ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना वमोजिम सम्पूर्ण कार्यहरू प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नुपर्ने छ ।

४. कार्याक्रम सञ्चालनको लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इस्टमेट, सुपरभिजन, विल भरपाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्ने छ ।

५. दोस्रो पक्षले नियमअनुसार विल भर्पाई कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात प्राविधिक प्रतिवेदनको आधारमा मनाशिव ठहरे दोस्रो पक्षले बैंक खातामा भुक्तानी गर्ने छ ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्रविधिक प्रतिवेदनको आधारमा मनाशिव ठहरे दुई वरावर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत सम्झौता वमोजिमको रकम भुक्तानी बैंक खाता मार्फत गरिने छ । कार्यक्रम सम्बन्धी प्राविधिक सेवा, समन्वय र सहजीकरण प्रथम पक्षले गर्नुपर्ने छ ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ।

८. कार्यक्रम सञ्चालनको दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरू तथा अप्रत्यासित रूपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुने छ।

९. पशु सेवा शाखाको प्रत्यक्ष निगरानीमा कार्यक्रम सञ्चालन हुने भएकाले भिविन्न समयको स्थलगत अनुगमनमा दोस्रो पक्षले सहजिकरन गर्नु पर्ने छ।

१०. दोस्रो पक्षले प्राविधिक ईस्टमेट अनुसर कार्य नगरी भुक्तानी दावी गरे पहिलो पक्षले भुक्तानी प्रक्रिया रोक्का गर्न सक्ने छ।

११. कार्यक्रम सञ्चालनको क्रममा कुनै विवाद आएमा दुवै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

**दोस्रो पक्षको तर्फबाट**
हस्ताक्षर :
नाम :
ठेगाना :

**प्रथम पक्षको तफबाट**
हस्ताक्षर :
नाम :
पद :

**रोहवर**
हस्ताक्षर :
नाम :
पद :

इति सम्वत्.........साल.........महिना.......गते रोज......शुभम्..........।

*नोट : द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरू संशोधन गर्न सकिने छ।*

## अनुसूची ६
## लागत साझेदारीमा बाख्रा प्रबर्द्धन कार्यक्रममा सम्पादन गर्न सकिने सम्भावित क्रियाकलापको सूची

१. **बाख्रा प्रबर्द्धन कार्यक्रम**

(क) पशुपंक्षी नश्ल सुधार कार्यक्रम

कृतिम गर्भाधान

प्राकृतिक गर्भाधान

उन्नत पशु खरिद/ढुवानी/वितरण

**(ख) असल पशुपालन अभ्यास**

खोर निर्माण सुधार

जैविक सुरक्षा

बाख्रा पालनमा साना यान्त्रिकरण (कम्बाइन राई समिल, चाफ कटर, हाते ट्र्याक्टर, पानी तान्ने मोटर पम्प तथा अन्य)।

**(ग) पशु आहार सेवा कार्यक्रम**

घाँस विकास कार्यक्रम : भुइँ घाँस, डाले घाँसहरू

चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम

घाँसको बीउ आपूर्ति

आहार संरक्षण कार्यक्रम : हे, साइलेज वा अन्य नर्सरी व्यवस्थापन

ooo